कार्यपालिकाको ६० औं बैठक/स्थानः मालिका गाउँपालिका वडा नं. ४ को सोले डाडाँ
मिति २०८२ साल जेठ महिनाको ३१ गते शनिबार
अध्यक्षताः- श्रीमान बेग प्रसाद गर्बुजा, गाउँपालिका अध्यक्ष

**उपस्थिती**

| | |
|---|---|
| १.श्री बेग प्रसाद गर्बुजा | अध्यक्ष मालिका गाउँ कार्यपालिका |
| २.श्री लक्ष्मी देवी घर्ति मगर पुन | उपाध्यक्ष- मालिका गाउँ कार्यपालिका |
| ३.श्री टंकप्रसाद पुन | वडा अध्यक्ष वडा नं. १ |
| ४.श्री उदय कुमार बुढाथोकी | वडा अध्यक्ष वडा नं. २ |
| ५.श्री मोतीप्रसाद बुढा | वडा अध्यक्ष वडा नं. ३ |
| ६.श्री भेजेन्द्रमान पुन | वडा अध्यक्ष वडा नं. ४ |
| ७.श्री मिम पुन | वडा अध्यक्ष वडा नं. ५ |
| ८.श्री पथ बहादुर रोका | वडा अध्यक्ष वडा नं. ६ |
| ९.श्री टक बहादुर पुन | वडा अध्यक्ष वडा नं. ७ |
| १०. श्री प्रतिक्षा वि.क. | मालिका गाउँ कार्यपालिका सदस्य |
| ११. श्री मन कुमारी पुन | मालिका गाउँ कार्यपालिका सदस्य |
| १२. श्री छरदेवी घर्ती | मालिका गाउँ कार्यपालिका सदस्य |
| १३. श्री देवी पटेल | मालिका गाउँ कार्यपालिका सदस्य |
| १४. श्री अनुप गौचन | मालिका गाउँ कार्यपालिका सदस्य |
| १५. श्री दल बहादुर खड्काथोकी | मालिका गाउँ कार्यपालिका सदस्य |
| १६. श्री हरिश्चन्द्र ढकाल | प्रमुख प्रशासकीय अधिकृत/सदस्य सचिव |

**अन्य उपस्थिति**

श्री अशोक रिजाल, (शिक्षा अधिकृत)

श्री सुमना के.सी. (लेखा अधिकृत)

प्रस्तावहरु

१. मालिका गाउँपालिका गाउँसभाको १७ औं. अधिवेशनको मिति तोक्ने सम्बन्धमा,
२. मालिका गाउँपालिकाको मध्यकालीन खर्च संरचना स्वीकृत सम्बन्धमा,
३. मालिका गाउँपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना स्वीकृत सम्बन्धमा,
४. अधिभाराको झोलुङ्गे पुल विस्थापन सम्बन्धमा,
५. सहकारी सञ्जाल (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि २०८२ स्वीकृत सम्बन्धमा,
६. बागलुङ र  म्याग्दीको सिमाना सम्वन्धमा
७. आ व ०८२/८३ को लागि वडाहरुमा पठाउने बजेट सिलिङ सम्वन्धमा
८. सर्वदलिय सिमा निर्धारण संयन्त्र सम्वन्धमा
९. सोलेको गेट निर्माण सम्वन्धमा।

निर्णयहरु

१) प्रस्ताव नं. १ माथी छलफल गर्दा यस मालिका गाउँपालिकाको गाउँसभाको १७ औ अधिवेशन मिति २०८२ साल असार महिनाको ०९ गते देखि प्रारम्भ गर्ने निर्णय गरियो।

२) प्रस्ताव नं. २ माथी छलफल गर्दा यस मालिका गाउँपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

३) प्रस्ताव नं. ३ माथी छलफल गर्दा यस मालिका गाउँपालिकाको मध्यकालीन खर्च संरचना २०८२ स्वीकृत गर्ने निर्णय गरियो।

४) प्रस्ताव नं. ४ माथी छलफल गर्दा अरिभारामा रहेको झोलुङ्गे पुल भएको स्थानमा नयाँ पक्की पुल निर्माण भई सम्पन्न हुने क्रममा रहेकोमा उक्त पुल संरक्षणको कार्य गर्न पुरानो झोलुङ्गे पुलको कारण स्थान अभाव हुने भएकोले स्थानीय बासीहरुको आपसी सहमतीमा उक्त पुल प्रतिस्थापनको प्रकृया सुरु गर्ने निर्णय गरियो।

५) प्रस्ताव नं. ५ माथी छलफल गर्दा यस मालिका गाउँपालिकाको सहकारी सञ्जाल (गठन तथा परिचालन सम्बन्धी) कार्यविधि, २०८२ पेश गरेकोमा स्वीकृत गर्ने निर्णय गरियो।

६ प्रस्ताव नं. ६ मा छलफल गर्दा म्याग्दी जिल्ला मालिका गा.पा. वडा नं. ४ र बागलुङ्ग जिल्ला तमानखोला गा.पा वडा नं. ४ को सीमा क्षेत्रमा पर्ने शोलेमा रहेको सिमाना नापी विभागले जारि गरेको नक्सा अनुसारको सीमा यकिन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंमा पठाउने निर्णय गरियो ।

७ प्रस्ताव नं. ७ मा छलफल गर्दा आ.व. ०८२/०८३ को लागि यस मालिका गा.पा. का सातै वडाहरुलाई गत आ.व. ०८१/०८२ को बजेट सिलिङ अनुसारको बजेट सिलिङ निर्धारण गर्ने निर्णय गरियो ।

८ प्रस्ताव नं. ८ मा छलफल गर्द बागलुङ्ग र म्याग्दीको सिमानामा पर्ने पालिकाहरुको सिमा निर्धारण गर्न सबै पार्टिका एक जना प्रतिनिधि रहने गरि एक सर्बदलिय सिमा निर्धारण सम्यन्त्र गठन गर्ने निर्णय गरियो ।

९ प्रस्ताव नं. ९ मा छलफल गर्दा मालिका गा.पा. वडा नं ४ सोलेमा प्रस्तावित गेट निर्माण गर्न मिति २०८२/०३/०३ देखि सबै वडा बाट युवा जुटाउने निर्णय गरियो ।